Nepali

# आगलागी हुँदा आफू कसरी भाग्ने योजना बनाउनुहोस्।

यदि तपाईंको घरमा आगो लाग्यो भने, तपाईंको भाग्ने योजना बनाउन धेरै ढिलो भइसकेको हुन्छ।
आगलागी हुँदा तपाईं कसरी बाहिर निस्कने भन्ने योजना बनाउन यी चरणहरू पछ्याउनुहोस्।





## चरण १

एक पन्नामा तपाईंको घरको नक्सा कोर्नुहोस्।
प्रत्येक कोठाबाट बाहिर निस्किने दुई तरिकाहरू कोर्ने प्रयास गर्नुहोस्।



## चरण २

तपाईंको योजनालाई सबैले देख्ने ठाउँमा राख्नुहोस्।
जस्तै फ्रिजमा।



## चरण ३

घर बाहिर रहेको सुरक्षित भेला हुने ठाउँ रोज्नुहोस्।
आगलागी हुँदा  तपाईंको परिवार यहीँ ठाउँमा भेट्नुहुनेछ।



## चरण ४

आफ्नो योजनाको अभ्यास गर्नुहोस्।
विभिन्न परिस्थितिमा यसको अभ्यास गर्नुहोस् जस्तै रातको समयमा बत्ती निभाएर।
धुवाँबाट बच्न बामे सरेर जान नबिर्सनुहोस्।



## चरण ५

तपाईंको धुवाँ अलार्म काम गरिरहेको सुनिश्चित गर्नुहोस्।
यसलाई धूलो र कीराहरूबाट सफा राख्नुहोस्।


© State of Queensland (Queensland Fire Department) 2024
All material except graphics and trademarks are licensed under CC 4.0.

QFE00203

Queensland Government